# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
**प्रदर्शनी मार्ग, काठमाडौं**

**पत्र संख्याः** .............
**च.नं.**:................

- विद्यार्थीहरूले मस्यौदा तयार गर्दा आफ्नो हस्ताक्षरमा कालो मसी प्रयोग गरी नेपाली कागज समेतमा प्रचलित कानूनको रीत पुऱ्याई तयार गर्नु पर्नेछ ।
- अन्तिम परीक्षा (Final Exam) मा माथि उल्लेखित सूचिकृत मुद्दाहरूका आधारमा प्रश्न सोधिनेछ । कुनै पनि परीक्षार्थीले नियमित परीक्षा उत्तिर्ण गर्न नसकी पुनः परीक्षा दिनु परेमा त्यस्ता आंशिक वा मौका परीक्षा दिने परीक्षार्थीहरूको हकमा समेत सम्बन्धित शैक्षिक सत्रका नियमित विद्यार्थीहरूलाई सोधिए सरह सूचिकृत नजिरबाटै प्रश्न सोधिने छ ।
- सुचीकृत मुद्दाहरूको विषयमा मिसिलमा उल्लेखित कानूनी प्रावधान लाग्ने वा वर्तमान कानून लाग्ने भन्ने विद्यार्थीमा दुविधा देखिएको हुँदा कुनै पनि कानून संशोधन भएको तीन महिनापछि संधोधित र बहालवाला कानून नै लाग्ने मान्यता एवम् कानूनी अभ्यास अनुसार/मुद्दाका पात्र/विषयवस्तुहरू नजिरलाई नै मानी घटना र मितिको हकमा विद्यार्थी आफैले २०७५ भाद्र १ पछिको मिति कायम गरी *नेपालको संविधान, २०७२* र *मुलुकी देवानी संहिता, २०७४; मुलुकी देवानी कार्यविधि संहिता, २०७४; मुलुकी अपराध संहिता, २०७४; मुलुकी अपराध कार्यविधि संहिता, २०७४* का प्रावधान र हाल बहाल रहेको कानून र अदालतको संरचना (जस्तै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत) अनुसार मिसिल तयार गर्न र अन्तिम परीक्षामा समेत सोही बमोजिम गर्नुपर्नेछ ।
- हरेक विद्यार्थीले मिसिल तयार पार्दा आफ्नो रोल नम्बर अनुसारका प्रत्येक मुद्दाका लागि पाठ्यक्रममा तोकिए बमोजिम छुट्टा छुट्टै मिसिल तयार गर्नु पर्नेछ ।
- अन्य कुराहरू पाठ्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

--------------------
तेजमान श्रेष्ठ
सहायक क्याम्पस प्रमुख

सहायक क्याम्पस प्रमुख